# दंगीशरण गाउँपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

## हेकुली, दाङ

दंगीशरण गाउँपालिका न्यायीक समिति हेकुली, दाङ ५ नं.प्रदेश, नेपाल

५ नं प्रदेश नेपाल

पत्र संख्या :-२०७७।०७८
च नं :-

व्यावसायिक उधम संचालन गर्नका लागि प्रस्ताव आह्वान गरिएको सुचना

प्रकाशित मिति २०७७।०५।३१ गते

दंगिशरण गाउँपालिकाको आ व २०७७/०७८ को वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय युवा परिषदको कार्यविधि २०७३ संशोधित २०७४ वमोजिम निर्व्याजी ऋण उपलब्ध गराइने भएकोले १६ देखि ४० वर्ष उमेर समुहका वेरोजगार युवाका लागि यस गाउँपालिकामा उधम संचालन गर्न चाहने इच्छुक युवा संस्था समुहले निम्नानुसारको विवरण सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस दंगिशरण गाउँपालिकाको कार्यालय हेकुली दाङमा अफ्नो व्यावसायिक उधम प्रस्ताव सहितको निवेदन दिन हुन सम्बन्धित सरोकारवालाई जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि दंगीशरण गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

पेश गर्नुपर्ने कागजातहरु

१ १६ देखि ४० वर्ष उमेर समुहका कम्तिमा पनि ५ देखी १० जना युवा । यदि कुनै वडामा न्युनतम आधार पुगेका युवा नभएको विशेष अवस्थामा मात्र सीमा जोडिएका युवाको समुह वनाउन सकिनेछ ।

२ युवा संस्था समुह प्रचलित कानुन वमोजिम सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्नेछ । यो सुचना प्रकाशित भएको समय अवधिभित्र पनि नयाँ समुह दर्ता गरी निवेदन दर्ता गर्न सकिनेछ ।

३ सम्बन्धित निकायमा संस्ता समुह दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी । यदि पहिले नै दर्ता भएको संस्था नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपी

४ निवेदनका साथमा ५ वर्षे व्यावसायिक कार्ययोजना पेश गर्नुपर्नेछ । व्यावसायिक उधम कृषि, पशुपंछि, विज्ञान प्रविधि, संचार कला संस्कृति पर्यटन प्रवर्धन निर्माण आदि ।

५ व्यावसायिक उधम संचालन गर्ने समुहका सदस्यहरुको नागरिकताको प्रतिलिपि

६ व्यावसायिक उधम संचालन गर्ने सदस्यहरुको माथिल्लो शैक्षिक प्रमाणपत्रको प्रतिलिपी कम्तीमा अधारभुत तह ८ कक्षा उतिर्ण गरेको हुनुपर्नेछ ।

७ सम्बन्धित वडाको सिफारिस वेरोजगार युवा भएको सिफारीस पत्र

८ व्यावसायिक उधम संचालन गर्नका लागि अवेदन दिने समुहको वैठकको निर्णयको प्रतिलिपी ।

बोधार्थ

श्री सूचना प्रविधि शाखा : website मा अपलोड गरिदिनु हुन ।